२०७५ साल भाद्र ३१ गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद्को १५औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छनः

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक, २०७५ को तर्जुमा अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५, संस्था दर्तासम्बन्धी व्यवस्था गर्न बन्ने विधेयक तर्जुमा सम्बन्धमा अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने

५. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५ बाट प्रदान गरिने विभूषणसम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

६. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** फागुन ३ गतेलाई प्रदेश स्थापना दिवसका रुपमा घोषणा गर्ने प्रस्ताव स्वीकृत गर्ने

७. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** मन्त्रिपरिषद् आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल भई संशोधन सहित प्राप्त हुन आएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गर्ने र साथै पेश भएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को सट्टा समितिले पेश गरेको तीन महले संशोधन प्रस्ताव तथा परिमार्जित कार्यविधि र मन्त्रिपरिषद् बैठकमा छलफलका क्रममा उठेका विषयहरु समेत समावेश गरी तयार गरिएको यसैसाथ संलग्न नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गर्ने।